नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.: ४३६

मितिः २०८२/०३/१५

नेपाल संवत् ११४५

विषयः मेडपा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

श्री गाउँपालिका/नगरपालिका (सबै)।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखाको च.नं. ३५०, मिति २०८२/०३/११ को मेडपा कार्यक्रम कार्यान्वयन सम्बन्धी पत्र र सोसाथ प्राप्त पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ।

३।१५

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा, सिंहदरबार।

श्री सूचना प्रविधि शाखाः- Website मा Upload गरिदिनु हुन।

सिंहदरबार, काठमाडौं  फोन नं:- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

सिंहदरबार, काठमाडौं, नेपाल।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय दर्ता नं.:- ४३६० दर्ता मिति:- ३/१२

पत्र संख्या : ०८१।८२

च.नं. : ३५०

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति सिंहदरबार, काठमाडौं

☎०१-४२११४५०,०१-४२११५४७

✉ipdivisions@moics.gov.np

मिति:-२०८२/०३/११

नेपाल सम्बत ११४५

विषयः परिपत्र गरिदिने सम्बन्धमा।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यान्वयन सम्बन्धमा नेपाल सरकार (सचिवस्तर) को मिति २०८१।०३।०५ निर्णाअनुसारको पत्र यसै साथ संलग्न छ। आवश्यक कार्यान्वयनका लागि सबै स्थानीय तह (७५३) मा परिपत्र गरिदिने व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

(भेषराज शर्मा)
शाखा अधिकृत

श्री स्थानीय तह समन्वय शाखा

३/१२

नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः
च.नं.: ३४१

मितिः २०८२/३/६

विषयः मेडपा कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह (७५३ वटै)।

प्रस्तुत सम्बन्धमा आ.व. २०७७/७८ देखि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) शसर्त अनुदानमा बजेट विनियोजन भई सबै स्थानीय तहहरुमा कार्यान्वयन भईरहेको व्यहोरा विदितै छ। आगामी आ.व. २०८२/८३ मा पनि उक्त कार्यक्रम सञ्चालनको लागि सबै स्थानीय तहमा सशर्त अनुदानमा बजेट विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिइएकोमा विद्यमान आर्थिक अवस्थाका कारण हालैका आर्थिक वर्षहरुमा स्थानीय तहमा पठाइएको सशर्त बजेट न्यून हुन गएको छ। मुलुकको आर्थिक अवस्थालाई उकास्न रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जनामार्फत गरिबी न्यूनीकरण तथा निवारण गर्नका लागि स्थानीयस्तरमा रहेको श्रोत साधनको अधिकतम सदुपयोग हुने गरी उद्यमशिलताको माध्यमबाट लघु उद्यमको विकास र विस्तार गर्नु आवश्यक छ ।

नेपाल सरकारले आगामी आ.व. २०८२/८३ मा सरकारका समग्र कार्यक्रमहरु उद्यमशिलता विकास, उत्पादन तथा उत्पादकत्व वृद्धि र रोजगारी सिर्जनामा केन्द्रित गर्ने भन्ने नीति तथा कार्यक्रम तय गरेको छ। यस कार्यक्रमले उद्यमशिलता विकासमार्फत रोजगारी तथा स्वरोजगारी सिर्जना र गरिबी निवारणमा महत्वपूर्ण भूमिका खेलिरहेको हुँदा तहाँ स्थानीय तहले समेत यस कार्यक्रमको स्वामित्व ग्रहण गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ६४ मा लागत सहभागिता (कस्ट सेयरिङ) लाई प्राथमिकता दिने भन्ने शिर्षकमा लघु उद्यम विकास अभियानलाई आत्मनिर्भर बनाउन स्थानीय तहले लागत सहभागितालाई प्राथमिकता दिई कार्यक्रम सञ्चालनमा क्रमशः लागत व्यहोर्दै जाने नीति अवलम्वन गर्नु पर्नेछ भन्ने व्यवस्था समेत गरेकाले लागत साझेदारीमा बजेट व्यवस्था गरी यस कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था गर्न नेपाल सरकार (सचिवस्तर) को मिति २०८१/०३/०५ को निर्णयानुसार अनुरोध छ ।

(राम प्रसाद गोतामे)
शाखा अधिकृत

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
E-mail: info@moi.gov.np, Website: http://www.moi.gov.np